
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नयाँ वर्षको छेको पारेर चैत २७ गतेबाट प्रदर्शन हुन लागेको एक्सनप्रधान फिल्म 'राम नाम सत्य'को टिजर सार्वजनिक गरिएको छ । अभिनेता विराज भ लाई केन्द्रमा राखिएको २ मिनेट लामो टिजर एक्सन दृश्यले भरिएको छ । विराज सयौं भिलेनसँग लडिरहेका देखिन्छन् । टिजरको सुरुवातमै विराजको संवाद छ, 'मृत्युलाई सारथी ठान्ने म, पहिलो पटक डराएँ । जब आँखै अगाडि आफ्ना मान्छेहरु गुमाएँ ।'

**आजको विचार...**



जनताको... *(दुई पेजमा)*

डा. नवीनबन्धु पहाडी

गायिका अन्जु पन्तले नयाँ गीत 'धन्यवाद शत्रु' ल्याएकी छिन् । अन्जुकै शब्द रहेको गीतमा बीबी अनुरागीको संगीत तथा एरेन्ज छ । गीतमार्फत उनले आफ्ना शत्रुहरुलाई धन्यवाद दिएकी छन् । आफूले जीवनमा अनेक घृणा र चोट सहनुपरेको र तिनै कुराले बलियो बनाउँदै आफू मान-सम्मान र सफलता पाउने ठाउँमा पुगेको भाव गीतमा प्रस्तुत छ । 'आज जे जति मान-सम्मान र सफलता पाएकी छु, त्यसको कारण मैले पाएका गाली र घृणाहरु नै हुन् ।



❐ वर्ष ३१ ❐ अंक २२५ ❐ २०८२ फागुन ३० गते शनिबार 14 March 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### पाकिस्तानी हवाई आक्रमणमा ४ को मृत्यु

**(रासस/एपी)**

**काबुल,** फागुन २९/अफगानिस्तानको तालिबान नेतृत्वको सरकारले शुक्रबार बिहान पाकिस्तानमाथि राजधानी काबुल र दक्षिणी प्रान्त कान्दाहारमा रातभर गरिएको हवाई आक्रमणमा सर्वसाधारणका घरहरूलाई लक्षित गरेको आरोप लगाउँदै कम्तीमा चार जना नागरिक मारिएको जनाएको छ । दुई छिमेकी मुलुकबीच जारी सैन्य तनाव तेस्रो हप्तामा प्रवेश गरेका बेला यस्तो आरोप सार्वजनिक भएको हो । सरकारी प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल एक्समार्फत पाकिस्तानका विमानहरूले कान्दाहार विमानस्थल नजिक रहेको निजी एयरलाइन्स 'काम एयर' सँग सम्बन्धित इन्धन डिपोमा पनि प्रहार गरेको जानकारी दिए । उनका अनुसार उक्त डिपोबाट नागरिक विमानका साथै संयुक्त राष्ट्रसैका उडानहरूलाई समेत इन्धन आपूर्ति हुँदै आएको थियो । यस घटनाबारे पाकिस्तान सरकार वा सेनाले तत्काल कुनै औपचारिक प्रतिक्रिया दिएका छैनन् । पछिल्ला हप्ताहरूमा पाकिस्तान र अफगानिस्तानबीच सैन्य तनाव तीव्र बनेको छ । फेब्रुअरीको अन्त्यदेखि दुवै पक्षले एकअर्काका सैन्य प्रतिष्ठानलाई लक्षित गरी आक्रमण गर्दै आएका छन् ।

# ढोरपाटनमा पहिलोपटक पुग्यो केन्द्रीय लाइन

***नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले बुर्तिबाङ बजारबाट ३५ किलोमिटर लामो पश्चिममा रहेको ढोरपाटनमा केन्द्रीय लाइन पुर्याएको छ ।***

**रासस**

**ढोरपाटन (बागलुङ),** फागुन २९/नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पहिलोपटक केन्द्रीय प्रसारण लाइनले जोडिएको छ । भौगोलिक विकटताका कारण अहिलेसम्म केन्द्रीय लाइन पुग्न सकेको थिएन । ढोरपाटन उपत्यकासहित आसपासका बस्ती लघुजलविद्युत्को भरमा थिए ।


नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले बुर्तिबाङ बजारबाट ३५ किलोमिटर लामो पश्चिममा रहेको ढोरपाटनमा केन्द्रीय लाइन पुर्याएको हो । प्राधिकरणका बागलुङ प्रमुख दिलीप मरासिनीले ११ केभी विद्युत् लाइन ढोरपाटन पुर्याएको जानकारी दिए । अघिल्लो वर्षदेखि नै विद्युत् पोल गाड्ने र लाइन तान्ने काम गरेको भन्दै बिहीबारदेखि नियमित विद्युत् प्रसारण भएको उनको भनाइ छ । रु १५ करोड लागतमा ढोरपाटनमा विद्युत् पुर्याएको प्रमुख मरासिनीले बताए । ढोरपाटनसम्म



लाइन पुगेपछि अब स्थानीयका घरघरमा पुर्याउने उनको भनाइ छ । ढोरपाटन जोड्ने ११ केभी प्रसारण लाइन बिहीबारदेखि चार्ज गरिएको उनि बताउन्छन् । प्रमुख मरासिनीले भने, "पश्चिम बागलुङको बुर्तिबाङमा केन्द्रीय लाइन पुगेको केही वर्षमात्रै भयो, त्यसभन्दा माथि अधिकारीचौरसम्म दुई वर्ष अगाडि पुगेको थियो, यसपालि ढोरपाटनसम्मै पुर्याएका छौँ, अब सानो हाइड्रोपावरबाट विद्युत् सेवा पाएका नागरिकले केन्द्रीय लाइन बाल्न पाउनेछन् ।" ढोरपाटन क्षेत्रमा एक बजार बढी घर दूरी छन् । स्थानीयले ४० किलोवाटको गर्पाखोला लघुजलविद्युत् आयोजना र ६० किलोवाटको ढोरपाटन भुजीखोला लघुजलविद्युत् आयोजनामार्फत विद्युतीय सेवा लिँदै आएका थिए । विसं २०६८ मा सञ्चालनमा आएको गर्पाखोला लघुजलविद्युत् आयोजना र पाँच वर्ष अगाडि आएको ढोरपाटन भुजीखोला लघुजलविद्युत आयोजनाबाट पर्याप्त विद्युत् उत्पादन नहुँदा स्थानीयले सास्ती भोग्दै आएको ढोरपाटन नगरपालिका-९ का अध्यक्ष खिमबहादुर घर्तीमगरले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

# जेनजी आन्दोलनका क्रममा फरार दुई पक्राउ



**काठमाडौं,** फागुन २९/नेपाल प्रहरीले जेनजी आन्दोलनका क्रममा फरार रहेका दुई जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय अनुसन्धान ब्युरा (सिआइबी)को टोलीले जेनजी आन्दोलनका क्रममा जबर्जस्ती करणी मुद्दा र सरकारी कागजछाप दस्तखत कीर्ते गरेर फरार रहेका दुई जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ । पक्राउपर्नेमा सिन्धुपाल्चोक पाँचपोखरीका ३० वर्षीय नुमेश वाइबा र खोटाङ बराहपोखरीका ४१ वर्षीय नवराज लुइँटेल रहेका छन् । ब्युरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले वाइबालाई जबर्जस्ती करणी र लुइँटेललाई सरकारी कागजछाप दस्तखत कीर्ते गरेको अभियोगमा पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका वाइबा जेनजी आन्दोलनका क्रममा केन्द्रीय कारागार सुन्धारा र लुइँटेल जिल्ला अदालत काठमाडौंबाट फरार रहेका थिए । वाइबालाई स्वयम्भु र लुइँटेललाई वसुन्धराबाट पक्राउ गरिएको ब्युरोले जनाएको छ ।

# म्याग्दीमा रु ३१ करोड ६० लाखको सुन्तला उत्पादन

**म्याग्दी,** फागुन २९/यस वर्ष म्याग्दीमा रु ३१ करोड ६० लाख मूल्य बराबरको सुन्तला उत्पादन भएको छ । सुन्तला म्याग्दीको प्रमुख नगदेबाली हो । ४३० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर १० दशमलब पाँच मेट्रिक्टनका दरले चार हजार ५१५ मेट्रिकटन सुन्तला उत्पादन भएको कृषि विकास कार्यालय, म्याग्दीले जनाएको छ ।



जिल्लाका विभिन्न ठाउँका बगैँचामा बाली कटानी गरेर सुन्तला उत्पादनको तथ्याङ्क सङ्कलन गरिएको कार्यालयका प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिए । "४३० हेक्टर जमिनको बगैँचामा सुन्तला उत्पादन भएको छ," उनले भने "किसानले सरदर प्रतिकिलो रु ७० का दरले रु ३१ करोड ६० लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन् ।" म्याग्दीको ८३५ हेक्टर क्षेत्रफलमा सुन्तलाको बगैँचा रहेको छ । गतवर्ष ४२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव २५ मेट्रिक टनका दरले चार हजार ७८१ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । गत वर्ष रु ३४ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो । गत वर्षको तुलनामा पाँच दशमलव ५६ प्रतिशतले उत्पादन घटेको X].

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अवका युवाको जिम्मेवारी

नेपाल अहिले सामाजिक, राजनीतिक र आर्थिक रूपान्तरणको चरणमा छ । यस्तो समयमा देशको भविष्यलाई सही दिशामा अघि बढाउने मुख्य शक्ति युवा पुस्ता नै हो । ऊर्जा, सिर्जनशीलता र परिवर्तनप्रतिको चाहनाले भरिएको युवा वर्गले आफ्नो भूमिकालाई जिम्मेवारी पूर्वक निर्वाह गर्न सके मात्र समाजको दीगो विकास सम्भव हुन्छ । त्यसैले आजको सन्दर्भमा युवाको जिम्मेवारी केवल व्यक्तिगत उन्नतिमा सीमित नभई राष्ट्रिय निर्माणसँग पनि जोडिएको छ ।

सबैभन्दा पहिले युवाले शिक्षा र ज्ञानलाई आफ्नो मुख्य आधार बनाउनुपर्छ । गुणस्तरीय शिक्षा प्राप्त गर्नु, नयाँ सीप सिक्नु र बदलिँदो विश्वसँग आफूलाई अनुकूल बनाउनु युवाका लागि अत्यन्त आवश्यक छ । आजको प्रतिस्पर्धी युगमा केवल प्रमाणपत्र मात्र पर्याप्त हुँदैन, व्यवहारिक ज्ञान, प्रविधिको उपयोग र नवप्रवर्तनशील सोच पनि उत्तिकै महत्वपूर्ण हुन्छ । शिक्षित र सक्षम युवा नै समाजलाई सही दिशा दिन सक्ने आधारशक्ति बन्न सक्छ ।

देशभित्रै अवसर सिर्जना गर्ने, उद्यमशीलता विकास गर्ने र स्थानीय स्रोत–साधनको सदुपयोग गर्ने कार्यमा युवाको सहभागिता अपरिहार्य छ । विदेशप्रतिको आकर्षण बढिरहेको अवस्थामा पनि स्वदेशमै सम्भावनाको खोजी गर्नु र सामूहिक प्रयासमार्फत विकासका नयाँ ढोका खोल्नु आजको आवश्यकता हो । अन्ततः युवा केवल भविष्यका कर्णधार मात्र होइनन्, वर्तमानका सक्रिय शक्ति पनि हुन् । उनीहरूको सोच, व्यवहार र संलग्नताले समाजको दिशा निर्धारण गर्छ । यदि युवाले सकारात्मक सोच, अनुशासन र सामाजिक जिम्मेवारीलाई आफ्नो जीवनको आधार बनाउँछन् भने नेपालले समृद्धि र स्थायित्वतर्फ अघि बढ्ने मार्ग अझ फराकिलो बन्न सक्छ । यसैगरी युवाले सामाजिक उत्तरदायित्वप्रति पनि सजग रहनुपर्छ । समाजमा देखिने विकृति, भ्रष्टाचार, असमानता वा विभेदजस्ता समस्याविरुद्ध सचेत आवाज उठाउनु युवाको कर्तव्य हो । सामाजिक सञ्जालको बढ्दो प्रयोगले युवालाई विचार व्यक्त गर्ने ठूलो अवसर दिएको छ, तर यसलाई जिम्मेवारीका साथ प्रयोग गर्नु आवश्यक छ । गलत सूचना फैलाउने वा अनावश्यक विवाद बढाउने भन्दा पनि सकारात्मक सन्देश, सचेतना र रचनात्मक बहसका माध्यमबाट समाजलाई सही बाटोमा डोऱ्याउन युवाले भूमिका खेल्नुपर्छ । अर्कोतर्फ, राष्ट्रप्रतिको दायित्वबोध पनि युवामा बलियो हुनुपर्छ । त्यसैले आजको समयले युवालाई केवल सपना देख्न मात्र होइन, जिम्मेवारीपूर्वक ती सपना साकार पार्न आह्वान गरिरहेको छ ।

### Opinion @ Social Network


भाग्यमा लेखेजती मात्र मिल्छ, देखेको पाउनेभए त
कस्को ईच्छा हरु अधुरो रहन्थ्ये होला र ।
*(सागर लम्सालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Lamsal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनताको अदालतले किन गऱ्यो निर्मम फैसला ?



डा. नवीनबन्धु पहाडी

लोकतान्त्रिक राजनीतिक इतिहासको एउटा रोचक सत्य के हो भने कुनै समय अत्यन्त शक्तिशाली देखिएका राजनीतिक दलहरू पनि अचानक मतदाताको कठोर निर्णयका कारण कमजोर वा लगभग समाप्त हुन सक्छन् । राजनीतिक शक्ति स्थायी हुँदैन, जनताको विश्वास नै यसको आधार हो । जब कुनै दलले आफ्नो सिद्धान्त, नीति र व्यवहारबीच सन्तुलन कायम गर्न सक्दैन, तब जनताले त्यसलाई अस्वीकार गर्न सक्छन् । संसारका धेरै देशहरूमा यस्ता घटनाहरू भएका छन्, जसले लोकतन्त्रको चरित्रलाई अझ स्पष्ट बनाएका छन् । क्यानडाको सन् १९९३ को चुनाव, भारतको १९७७ को चुनाव, पश्चिम बंगालको सन् २०११ को परिवर्तन र बङ्गलादेशका चुनावी उतारचढाव यसका महत्त्वपूर्ण उदाहरण हुन् । यस्ता घटनाहरूलाई हेर्दा नेपालको वर्तमान राजनीतिक परिस्थिति पनि गम्भीर रूपमा विश्लेषण गर्नुपर्ने आवश्यकता देखिन्छ । संसारको चुनावी इतिहासमा सबैभन्दा ठूलो हारको उदाहरण क्यानडाको सन् १९९३ को संसदीय चुनावलाई मानिन्छ । त्यतिबेला सत्तारूढ दल द प्रोग्रेसिभ कन्जरभेटिभ पार्टी अफ क्यानडा (पीसीसी) संसद्मा अत्यन्त बलियो अवस्थामा थियो । यस दलले केही वर्षअघि मात्रै विशाल बहुमतसहित सरकार बनाएको थियो। सन् १९८४ को चुनावमा यसले ५० प्रतिशतभन्दा बढी मत ल्याएर संसद्का २८२ मध्ये २११ सिट जितेको थियो, जुन लगभग दुईतिहाइ बहुमत थियो । त्यसपछि सन् १९८८ को चुनावमा पनि यसले ४३ प्रतिशत मत ल्याएर २९५ मध्ये १६९ सिट जितेको थियो । यसले देखाउँछ कि उक्त दल क्यानडाको राजनीतिमा अत्यन्त शक्तिशाली अवस्थामा थियो । तर इतिहासले कहिलेकाहीँ अप्रत्याशित मोड लिन्छ। सन् १९९३ मा नेतृत्व परिवर्तन गर्दै ४६ वर्षीया किम क्याम्पबेललाई प्रधानमन्त्री बनाइयो । नयाँ नेतृत्व र केही नीतिगत परिवर्तनले दललाई अझ लोकप्रिय बनाउने अपेक्षा गरिएको थियो । तर चुनावमा परिणाम उल्टो आयो । सन् १९९३ को चुनावमा यो दल १६९ सिटबाट घटेर केवल २ सिटमा सीमित भयो। सत्ताको शिखरबाट लगभग शून्यमा झरेको यो घटना विश्वको चुनावी इतिहासमा अद्वितीय मानिन्छ । यस हारको मुख्य कारण नीतिगत अस्पष्टता, आर्थिक असन्तोष र जनतामा बढ्दो अविश्वास थियो। अन्ततः यो दल कमजोर हुँदै २००३ मा अर्को कन्जरभेटिभ दलसँग विलय हुन बाध्य भयो । भारतमा पनि यस्तै ऐतिहासिक राजनीतिक परिवर्तन भएको छ । स्वतन्त्रतापछि भारतमा भारतीय राष्ट्रिय कांग्रेस अत्यन्त शक्तिशाली दल थियो । जवाहरलाल नेहरूको नेतृत्वमा सुरु भएको कांग्रेस शासन लामो समयसम्म निरन्तर चल्यो । तर १९७५ मा प्रधानमन्त्री इन्दिरा गान्धीले देशमा सङ्कटकाल घोषणा गरेपछि राजनीतिक परिस्थिति बदलियो। नागरिक स्वतन्त्रतामा प्रतिबन्ध लगाइयो, विपक्षी नेताहरू जेल हालिए र प्रेसमाथि नियन्त्रण गरियो । यसले जनतामा ठूलो असन्तोष सिर्जना गऱ्यो । जब सन् १९७७ मा चुनाव भयो, जनताले कांग्रेसलाई ऐतिहासिक रूपमा पराजित गरिदिए। इन्दिरा गान्धी आफ्नै निर्वाचन क्षेत्रमा हारिन् र जनता पार्टीको सरकार बन्यो। यस घटनाले अत्यन्त शक्तिशाली दल पनि जनताको असन्तोषबाट बच्न सक्दैन भन्ने देखायो । ऐतिहासिक विरासत, पितापुर्खाको त्याग भन्दैमा त्यसले आम नागरिकको भावनामाथि चोट पुऱ्याउन मिल्दैन । नेपालमा पनि कृष्णप्रसाद भट्टराईको हार, शेखर कोइरालाको हार, खड्गप्रसाद ओलीको हारका अन्तर्यहरू यस्तै यस्तै आन्तरिक कारकहरू हुन् । भारतको कम्युनिस्ट आन्दोलनमा पनि यस्तै परिवर्तन आएको छ । पश्चिम बंगालमा कम्युनिस्ट पार्टी (मार्क्सवादी) नेतृत्वको वाममोर्चाले सन् १९७७ देखि २०११ सम्म लगातार ३४ वर्ष शासन गऱ्यो । यो विश्वकै लामो लोकतान्त्रिक वाम शासनमध्ये एक मानिन्छ । प्रारम्भिक वर्षहरूमा भूमिसुधार, किसान अधिकार र स्थानीय शासनलाई सुदृढ बनाउने नीति अत्यन्त लोकप्रिय बनेका थिए । तर समयसँगै समस्याहरू बढ्न थाले । प्रशासनिक जडता, औद्योगिक विकासको अभाव र किसान आन्दोलनजस्ता घटनाले सरकारविरुद्ध असन्तोष बढायो । विशेषतः सिंगुर र नन्दीग्राममा उद्योग स्थापनाका विषयमा भएको आन्दोलनले वाममोर्चाको लोकप्रियता घटायो । त्यति मात्रै होइन सत्ताको आडमा भएका विकास निर्माणका घोटाला, याचुरीका परिवारवाद, नवधनाढ्य कम्युनिस्ट नामधारीहरूको सत्तामा भएको हालीमुहालीले जनतामा असन्तुष्टि र चरम निराशालाई अरू वृद्धि गरायो । अन्ततः २०११ को चुनावमा ममता बनर्जीको तृणमूल कांग्रेसले वाममोर्चालाई पराजित गऱ्यो। ३४ वर्ष शासन गरेको कम्युनिस्ट सत्ता अचानक समाप्त भयो । बङ्गलादेशको राजनीति पनि चुनावी उतारचढावले भरिएको छ । त्यहाँ मुख्य रूपमा दुई दलहरू–आवामी लिग र बङ्गलादेश नेसनलिस्ट पार्टी (बीएनपी) बीच प्रतिस्पर्धा हुन्छ । सन् १९९० पछि बङ्गलादेशमा चुनावी परिणामहरू पटक-पटक उल्टिएका छन् । कहिले आवामी लिग अत्यन्त बलियो हुन्छ, कहिले बीएनपी सत्तामा आउँछ । सन् २००१ को चुनावमा बीएनपीले ठूलो विजय हासिल गरेको थियो भने २००८ को चुनावमा आवामी लिगले अत्यन्त ठूलो बहुमत प्राप्त गऱ्यो । यसले देखाउँछ कि लोकतन्त्रमा जनताको समर्थन स्थायी हुँदैन । दलहरूले जनताको अपेक्षा पूरा गर्न सकेनन् भने उनीहरूलाई तुरुन्तै अस्वीकार गरिन्छ । यी अन्तर्राष्ट्रिय दृष्टान्तहरूले एउटा स्पष्ट पाठ दिन्छन्–राजनीतिक दलको शक्ति केवल संगठन वा इतिहासमा आधारित हुँदैन, जनताको विश्वासमा आधारित हुन्छ । जब दलहरू आफ्नो सिद्धान्तबाट विचलित हुन्छन् वा व्यवहारमा विश्वासघात गर्छन्, तब उनीहरूको पतन सुरु हुन्छ । नेपालको वर्तमान राजनीतिक परिस्थितिलाई पनि यही दृष्टिकोणबाट हेर्न आवश्यक छ । नेपालमा प्रमुख राजनीतिक शक्तिका रूपमा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र विभिन्न क्षेत्रीय दलहरू रहेका थिए । यी दलहरूले नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका पनि हुन् । इतिहासमा यसले प्रजातन्त्र स्थापना र संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यतिबेला योगदान दिएका बीपी कोइराला, गिरिजाप्रसाद कोइराला, गणेशमान सिंह र विमलेन्द्र निधिका सन्तानहरूले सधैँ 'नेपो बेबी'को सुविधा लिएर सत्ता र शक्तिको केन्द्रमा रहिरहे तर जनमुखी काम कहिल्यै गरेनन् । आफू र आफन्त केन्द्रित बजेट दुरुपयोगका समाचार मात्रै आइरह्यो । त्यसले पछिल्ला वर्षहरूमा कांग्रेसको वैचारिक स्पष्टता कमजोर भएको पुष्टि गर्दछ । आर्थिक नीति, विकास रणनीति र राजनीतिक गठबन्धनका विषयमा स्पष्ट दिशा नदेखिएको प्रस्ट छ । यसले गर्दा जनतामा कांग्रेसप्रति विश्वास कमजोर भएको देखिन्छ । त्यस्तै नेकपा एमाले आफूलाई जनताको बहुदलीय जनवादको वाहक भन्छ । यो सिद्धान्त बहुदलीय लोकतन्त्र र समाजवादी लक्ष्यबीचको समन्वयका रूपमा प्रस्तुत गरिएको थियो । तर व्यवहारमा एमालेले पनि कहिलेकाहीँ आफ्नो वैचारिक दिशामा अस्पष्टता त छँदैछ । राजनीतिक गठबन्धन र रणनीतिमा बारम्बार परिवर्तन हुँदा दलको दीर्घकालीन दृष्टि कमजोर देखिन्छ भन्ने धारणा बनेको छ । माओवादी केन्द्रको अवस्था अझ रोचक छ । सशस्त्र विद्रोहबाट आएको यो दल अहिले संसदीय राजनीतिमा स्थापित भएको छ । तर यसको वैचारिक रूपान्तरण पूर्ण रूपमा स्पष्ट भएको छैन । क्रान्तिकारी आन्दोलनबाट आएको दल संसदीय व्यवस्थामा समायोजन हुँदा आृनो पुरानो वैचारिक आधारलाई कसरी रूपान्तरण गर्ने भन्ने चुनौती उसले अझै सामना गरिरहेको देखिन्छ । उसले जेनजी आन्दोलनपछि आफूलाई रूपान्तरण गरेको त भन्छ तर नाम र बोक्राबाहेक केही फेरिएको छैन । नेता उही नीति उही । नेपालको वर्तमान चुनावी वातावरण हेर्दा पनि जनताको मनोविज्ञान परिवर्तन भइरहेको सङ्केत देखिन्छ । स्थानीय तहका चुनावदेखि विभिन्न उपनिर्वाचनसम्म स्वतन्त्र उम्मेदवारहरूको उदयले पुराना दलहरूप्रति असन्तोष बढेको देखाउँछ । विशेषतः युवा पुस्तामा नयाँ राजनीतिक विकल्पको खोजी भइरहेको देखिन्छ । सामाजिक सञ्जालको प्रभाव, पारदर्शिता र सुशासनप्रतिको अपेक्षाले पनि राजनीतिक संस्कृतिमा परिवर्तन ल्याएको छ । यसका साथै गठबन्धन राजनीतिले पनि जनमतलाई प्रभावित पारेको छ । विभिन्न चुनावमा दलहरूले आफ्नो मूल विचारधाराभन्दा फरक दलहरूसँग गठबन्धन गर्दा मतदाताहरूमा भ्रम सिर्जना हुने गरेको छ । उदाहरणका लागि, वामपन्थी र लोकतान्त्रिक दलहरूबीच हुने गठबन्धनले कतिपय मतदाताहरूलाई असहज बनाउने गरेको छ । यस्तो अवस्थामा मतदाताले वैकल्पिक शक्ति खोज्नु स्वाभाविक थियो । नेपालको वर्तमान चुनावी परिदृश्यलाई हेर्दा एउटा सम्भावना स्पष्ट देखिन्छ- प्रमुख भनिएका र अहिले खुम्चिएका दलहरूले समयमै आत्मसमीक्षा गरेनन् भने भविष्यमा उनीहरूमाथि क्यानडाको जस्तै चुनावी परिवर्तन आउन सक्छ। इतिहासले देखाएको छ कि कुनै पनि दल सधैं शक्तिशाली रहँदैन। क्यानडाको पीसीसी, भारतको कांग्रेस, पश्चिम बंगालको कम्युनिस्ट शासन र बङ्गलादेशका दलहरूको अनुभवले यही सन्देश दिन्छ । नयाँ स्थापित भएको राष्ट्रिय स्वतन्त्र पार्टीको जनतामा दरिलो संगठन भएर चुनाव जितेको होइन, न त उसको वैचारिक आदर्शले नै । उसले प्राप्त गरेको यो अभूतपूर्व परिणाम पुराना दलहरूबाट भएको भ्रष्टाचार, अनियमितताको पक्षपोषण, घिनलाग्दो गठबन्धन र अपारदर्शी कार्यशैली र अलोकतान्त्रिक चरित्रकै कारण हो । दलहरू जनताबाट भाग्ने, महाधिवेशन नगर्ने, गरेकाहरूले प्रचण्डको जस्तो नाटक गर्ने, भ्रातृसंस्थाहरूमा स्वतन्त्रता नहुने, नेताहरू हावी हुने र सधैं एकै व्यक्ति सत्तामा टाँसिइरहने घटनाले दलहरूको अस्तित्व समाप्तोन्मुख छ । लोकतन्त्रको सुन्दरता यही हो कि यसले परिवर्तनको अवसर सधैं खुला राख्छ । जनताले आफ्नो अपेक्षा पूरा नगर्ने दललाई अस्वीकार गर्ने अधिकार राख्छन् । त्यसैले राजनीतिक दलहरूले निरन्तर आत्मसमीक्षा गर्दै आफ्नो नीति, नेतृत्व र संगठनलाई सुधार गर्नुपर्छ । नेपालका प्रमुख दलहरूका लागि अहिलेको समय महत्त्वपूर्ण मोड हो। यदि उनीहरूले जनताको अपेक्षालाई गम्भीर रूपमा बुझेर आफ्नो राजनीतिक संस्कृतिमा सुधार ल्याए भने उनीहरू पुनः सुदृढ हुन सक्छन् । तर यदि उनीहरूले विगतका कमजोरीहरूलाई बेवास्ता गरे भने इतिहासले देखाएको जस्तै अचानक ठूलो चुनावी परिवर्तन पनि सम्भव छ । अन्ततः लोकतन्त्रमा स्थायी शक्ति भनेको जनता मात्र हुन् । दलहरू आउँछन् र जान्छन्, तर जनताको निर्णय नै अन्तिम हुन्छ । त्यसैले नेपालको वर्तमान राजनीतिक परिस्थिति केवल दलगत प्रतिस्पर्धा मात्र होइन, लोकतन्त्रको परिपक्वताको पनि परीक्षा हो । इतिहासका अन्तर्राष्ट्रिय दृष्टान्तहरूले नेपालका दलहरूलाई स्पष्ट सन्देश दिएका छन् सिद्धान्त, पारदर्शिता र जनविश्वासबिना कुनै पनि राजनीतिक शक्ति दीर्घकालीन रूपमा टिक्न सक्दैन । सम्झनुपर्छ कि नीति र नेतृत्व नदी हो, जति बग्दै गयो, जनतामा अभिसिञ्चनको शीतलता छर्दै गयो उति सङ्लो बन्छ, सुकिलिन्छ तर जति जम्यो, फोहोर भयो उति तिरस्कृत बन्दै जान्छ । ***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मानसिक शान्तिको प्राप्ति हुनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **तुला** : सवारी साधन चलाउँदा सावधान रहनुहोला। शत्रुहरू सक्रिय रहनेछन । |
| **वृष** : परिस्थितिले हाथमा लिएको कार्य समयमा सम्पादन गर्न नसकिएला। | **वृश्चिक** : पारिवारीक जिम्मेवारी बढ्नेछ। आर्थिक पक्ष तलमाथि हुन सक्छ । |
| **मिथुन** : व्यवसायमा लाभ रहनेछ। निर्णय लिने क्षमतामा वृद्धि हुनेछ। | **धनु** : समय उत्साहपूर्ण र मनोरञ्जनात्मक रहनेछ। समाजमा मानसम्मान बढ्नेछ। |
| **कर्कट** : पुरानो मुद्दा मामलाहरूले मन अशान्त रहनेछ। अरुको झगडामा नपर्नुहोस्। | **मकर** : रोजगारिको लागि संघर्ष गर्नुपर्ला। व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। |
| **सिंह** : अध्ययन अध्यापनमा मन लाग्नेछ। आर्थिक पक्षमा सुधार आउनेछ। | **कुम्भ** : परिवारको साथले थप उत्साह जाग्नेछ। पठनपाठनमा मन लाग्नेछ। |
| **कन्या** : सवारी साधन चलाउँदा सावधान रहनुहोला। शत्रुहरू सक्रिय रहनेछन् । | **मीन** : प्रतिस्पर्धामा विजयी हुने योग छ। भौतिक सुख जुटाउने समय रहेको छ। |

# साहित्य दर्पण

निबन्ध — रमाकान्त शर्मा

# मोडिएको बाटो, फेरिएको नाम

एक किसिमको बुफे लगाइएको रहेछ । यात्रुहरू थाल र चम्चा लिएर मनपरेको खाना लिन थाले । चालक र परिचालक पनि अन्य यात्रुहरूजस्तै खाना लिएर टेबलमा बसे । किङ भने थाल लिन गएन । ऊ परिचालकको पछिपछि लागेर भन्यो, "मलाई पनि भनिदिनु न ।" परिचालकले भने, "जा, थाल लिई मनपरेको खाना खा ।" त्यसपछि ऊ खाना राखिएको टेबलतर्फ गयो । खाना राख्ने महिलाले सोधिन्, "स्टाफ हो ?" उसले गर्वका साथ सहमतिको टाउको हल्लायो । "के खाने भाइ ?" "पुलाउ, माछा र अचार," उसले भन्यो । थाल लिएर ऊ परिचालक बसेकै टेबलको अर्को कुर्सीमा गएर बस्यो । खाजा सकेपछि बस फेरि अगाडि बढ्यो । तर मेरो ध्यान भने अझै किङमै अड्किएको थियो ।

पुनः बस खचक्क रोकियो । सबै यात्रुहरूको आँखा एकैचोटि अगाडितर्फ तानिए । अगाडि गाडीहरूको लामै लाम देखिन्थ्यो। केही क्षण गाडीहरू सलल बग्थे, फेरि रोकिन्थे । यही क्रम दोहोरिरहन्थ्यो । चालक र परिचालकको अनुमति पाएपछि केही यात्रुहरू तल झरे । जेठको घाम टाउकोमाथि आगोझैँ दन्किरहेको थियो, गर्मी क्रमशः बढ्दै थियो । निर्माणाधीन मुग्लिन-नारायणघाट सडकखण्ड बेलुकी चार बजेपछि मात्र खुल्ने रहेछ । त्यतिन्जेल गाडीहरूको जाम लागिरहने निश्चित थियो । यसैबीच करिब बाह्र-तेह्र वर्षको एक किशोर बसको ढोकाबाट फुर्तिसाथ तलमाथि गरिरहेको देखियो । गोरो अनुहार, रातो जुरेली काटिएको कपाल र सानो तर फुर्तिलो शरीर । उसलाई देखेपछि नजर अन्यत्र फर्काउन गाह्रो पर्थ्यो । बसबाट झरेका परिचालक र केही यात्रुहरू हातमा आइसक्रिम लिएर फेरि बसभित्र पसे । आइसक्रिम बेच्ने मान्छे हाम्रो बसभन्दा अलि अगाडि पुगिसकेको थियो। "दस रुपैयाँ दिनुहोस् न, मलाई पनि आइसक्रिम खान," किशोरले परिचालकतर्फ हात पसार्दै भन्यो। परिचालकले हातमा च्यापेका नोटहरूबाट एउटा दस रुपैयाँको नोट निकालेर उसको हातमा राखिदिए । किशोरले आइसक्रिमवालालाई रोक्न चोर औँला मुखमा राखेर तेज सिटी बजायो । ट्राफिक प्रहरीले जस्तै हात उठाएर पर्खन इसारा गर्‍यो र आइसक्रिम झिक्न भन्यो । बस फेरि अलि पर सर्‍यो । उसले दस रुपैयाँ थमायो, आइसक्रिम लियो र अनुहार उज्यालो पार्दै अरू यात्रुहरूजस्तै मज्जाले चाट्न थाल्यो । ढोकातर्फको पहिलो सिटमा बसेको म उसका गतिविधि ध्यानपूर्वक हेरिरहेको थिएँ । गफगर्ने शैलीमा मैले सोधेँ, "तिमी पनि स्टाफ हो ?" उसले हल्का मुस्कानसहित टाउको हल्लायो । "कन्ट्याक्टर हो कि सहयोगी ?" "म खलासी," उसले गर्व मिश्रित स्वरमा भन्यो । उसले 'खलासी' शब्दलाई घृणाको रूपमा होइन, बरु आफूले पाएको जिम्मेवारीको रूपमा स्वीकारेको देखिन्थ्यो । मैले नाम र घर सोधेँ। उसले भन्यो, "मेरो नाम किङ हो ।" अनि आफैँ थप्यो, "बाबुआमाले राखिदिएको नाम आशिष हो, तर मैले आफैँ किङ राखेको हुँ ।" उ बाह्र-तेह्र वर्षको जस्तो देखिए पनि आफू चौध वर्षको भएको बतायो । म शिक्षा क्षेत्रमा काम गर्ने भएकाले कुरा स्वाभाविक रूपमा पढाइतर्फ मोडियो । नुवाकोटको त्रिशूली घर भएको किङ कक्षा ६ पढ्दापढ्दै विद्यालय छाडेर हिँडेको रहेछ । त्यसको आफ्नै कथा रहेछ । एक दिन विद्यालयमा एकजना शिक्षकले निकै कुटेछन् । कुटाइले हातखुट्टामा सुम्ला उठेछन्, कुहिनोको हाडसमेत खुस्किएको रहेछ । प्रमाणस्वरूप उसले कमिजको बाहुला माथि सारेर कुहिनो देखायो । हात अलि बाङ्गिएको थियो । गर्व मिश्रित स्वरमा उसले भन्यो, "मैले पनि शिक्षकलाई हिर्काइदिएँ ।" त्यस दिनपछि उसका लागि विद्यालयको ढोका सधैँका लागि बन्द भयो । त्रिशूलीबाट काठमाडौँ जाने बसको पछाडिको सिटमा लुकेर उ बस्यो । बस काठमाडौँ आइपुग्यो । अपरिचित शहरका सडकहरूमा भौतारिँदै गर्दा एक जना चिनेजानेका व्यक्तिले उसलाई भेटे । उनले होटलमा भाँडा माझ्ने र भुइँ सफा गर्ने काममा लगाइदिए । उसको निजी जीवनबारे धेरै सोध्दा रिसाउने हो कि भन्ने डर लाग्थ्यो । तर मेरो जिज्ञासा भने मेटिएको थिएन–पढ्नुपर्ने उमेरको बालक कसरी बसको खलासी बन्न पुग्यो ? त्यही बेला बस अगाडि बढ्न थाल्यो । सिटीको आवाज आयो–"सुइँ 'काठमाडौँ, काठमाडौँ" मुग्लिनबाट नारायणघाट जाने गाडीहरू रोकिए पनि काठमाडौँ जाने गाडीहरू अगाडि बढे । दिउँसोको खाजा खाने बेला भइसकेको थियो । हामी चढेको बस पनि पोखराबाट काठमाडौँ जाने अन्य बसहरूसँगै मलेखुमा खाजाको लागि रोकियो । होटलको काउन्टरमा मिलाएर राखिएका पुलाउ, तरकारी, अचार र माछाका परिकार सजीव देखिन्थे । एक किसिमको बुफे लगाइएको रहेछ । यात्रुहरू थाल र चम्चा लिएर मनपरेको खाना लिन थाले । चालक र परिचालक पनि अन्य यात्रुहरूजस्तै खाना लिएर टेबलमा बसे । किङ भने थाल लिन गएन । ऊ परिचालकको पछिपछि लागेर भन्यो, "मलाई पनि भनिदिनु न ।" परिचालकले भने, "जा, थाल लिई मनपरेको खाना खा ।" त्यसपछि ऊ खाना राखिएको टेबलतर्फ गयो । खाना राख्ने महिलाले सोधिन्, "स्टाफ हो ?" उसले गर्वका साथ सहमतिको टाउको हल्लायो । "के खाने भाइ ?" "पुलाउ, माछा र अचार," उसले भन्यो । थाल लिएर ऊ परिचालक बसेकै टेबलको अर्को कुर्सीमा गएर बस्यो । खाजा सकेपछि बस फेरि अगाडि बढ्यो । तर मेरो ध्यान भने अझै किङमै अड्किएको थियो । यसबीच मनकामना दर्शन गरेर फर्केका एक दम्पती कुरिनटारबाट बसमा चढे । महिलाले किङलाई चिसो पेय र खानेकुरा दिइन् । सुरुमा उसले अस्वीकार गर्‍यो, तर महिलाले माया गर्दै भनिन्, "मेरो छोराजस्तै लाग्यो तिमी ।" त्यसपछि उसले खान मान्यो । महिलाले फेरि भनिन्, "मेरो घर जाउँ न, म तिमीलाई आफ्नै छोराजस्तै राख्छु, पढाउँछु ।" किङले भने टाउको हल्लाउँदै इन्कार गर्‍यो । महिलाले एक सय रुपैयाँ निकालेर उसको हातमा राखिन् । उसले केही क्षण नोट खेलायो, चुरोटजस्तो बेर्‍यो, अनि गोटा फालेझैँ महिलाको काखमा फ्याँकिदियो । धेरै आग्रह गर्दा पनि उसले लिन मानेन । अन्ततः परिचालक र चालकले समेत लिन भनेपछि मात्र उसले त्यो नोट खल्तीमा राख्यो । पछि थाहा भयो–किङका बाबुआमा कामको खोजीमा भारत पुगेका रहेछन् र प्रायः उतै बस्दा रहेछन् । घरमा दिदीहरू मात्रै रहेछन् । उनीहरूले नीजि विद्यालयमा पढ्न र घरखर्च गर्न पुग्दो पैसा पठाउँदा रहेछन् । ऊ घरबाट भागेपछि खोजी गर्ने, फर्काउने र फेरि विद्यालय पठाउने कोही रहेनछन् । त्यस क्षण मलाई विजय मल्लको कृति "कोही किन बरबाद होस" को याद आयो । किङ जस्ता कति बालबालिका होलान–शिक्षकको कुटाइ सहन नसकेर विद्यालय छाडेका, औपचारिक शिक्षाबाट टाढा धकेलिएका । असल विद्यालयहरूले बालबालिकाको समस्या बुझ्ने प्रयास गर्छन्, अभिभावकसँग संवाद गर्छन्, विद्यालय छाड्न लागेका बालबालिकालाई फर्काएर पढाइमा टिकाउने प्रयास गर्छन् । विद्यालय भनेको बालबालिकाले सम्मानपूर्वक सिक्ने, आत्मविश्वास आर्जन गर्ने स्थान हुनुपर्छ । तर कतिपय अवस्थामा विद्यालयकै कठोर व्यवहारले बालबालिकालाई सडकतर्फ धकेल्ने यथार्थ पनि लुकेको छैन । यदि आशिषका बाबुआमाले उसलाई समय दिएका भए, सायद आज ऊ बसको खलासी होइन, विद्यालया पढीरहेको हुन्थ्यो र भोली कलेजको विद्यार्थी हुन्थ्यो । भविश्य सुन्दर हुन्थ्यो । बाबुआमाले छोराछोरीलाई सम्पत्ति आर्जन गररीदिनुभन्दा महत्वपूर्ण कुरा भनेको समय, माया र सही मार्गदर्शन दिनु हो । आज पनि कति बालबालिका घरको न्यानो छायाँ छाडेर सडकका चिस गल्ली र कठोर जीवनतिर धकेलिएका छन् । बालबालिका केवल बाबुआमाका मात्र होइनन्–समाज र राज्यका पनि हुन् । परिवारको अभाव समाजले र समाजको अभाव समेत बिद्यालयलयले पुरा गर्दिनु पर्ने हो । किङ जस्ता सबै बालकहरू सडकमा होइन, विद्यालयको कक्षामा रमाइ रमाइ, उत्साह र सम्मानका सथा सिकिरहन पाउँनु नै हाम्रो समाजको साँचो प्रगति हुनु हो ।

*-समकालीन साहित्य डटकम*

कथा — बुद्धमणि ढकाल

# दुई मुग्लानेको कथा

फाटेका र टालेका लुगाले आङ ढाक्नु छ, जाडो गर्मी छल्नु छ । दश वर्षे भाइ र चालिस नाघेकी आमालाई छोड्ने र मुग्लान भासिने सोच ऊ भित्र कहिले पस्यो ऊ आफैं जान्दैन ।

"तीज सकियो। तीज पछिका दिनमा चाडपर्व गाउँघर भित्रिन्छन् । वर्षादको पानी घट्दै जान्छ । खोला खोल्सामा पानी सङ्लो हुनथाल्छ । गोरेटो र गाईवस्तु हिँड्ने गल्लीमा हिलो सुक्दै जान्छ। कोदो रोप्ने बेला यो । भर्खर रोपाइँ सकिएका खेतमा धानको बेर्ना हरियो फिरेको हुन्छ । आलीमा रोपेको मास उम्रेको होला ।" दिलबहादुरको मानसपटलमा यो खाले चित्रहरू बन्ने गर्छन् समय अन्तरालमा । बिहान कम्पनीको ड्युटी जानुअघि घर-गाउँको यादमा ऊ भावातीत भैरहेको थियो। कोठामा सँगै बस्ने अरू साथीहरू कामबाट आइपुगेका थिएनन् । मनमनै यादहरूमा खेल्दै र ओठले सुसेला बजाउँदै ऊ काममा जान सुस्त तयारी गर्दै थियो "दिलबहादुर, आज काममा नजाने तिमी " युधिर बस्नेत नाइट ड्युटी सकेर आइपुगे । "जान्छु, किन नजाने र । आज अलि अल्छी जाग्यो ।" दिलबहादुरले उमालेको पानी तुम्लेटमा हाल्यो, दिउँसोको खाजा पोको पार्‍यो र झोलामा राख्यो। भर्खर इस्त्री लगाएर राखेका कम्पनीकै वर्दी सुट झिकेर लगायो र बुटमा पालिस घस्न बस्यो । सर्टको देब्रे बाउलामा थियो कम्पनी छाप: वोर्ल्ड सेकुरिटी सेर्विसेस । "युधिर तिमीलाई खाना राखिदिएको छु है।" दिलबहादुरले विद्युत् चुलोमाथि भात र तरकारी छोपेर छाडेको थियो । दिलबहादुर यो काममा लागेको चार वर्ष भयो । वैदेशिक रोजगारमा पठाउने मानव श्रमशक्ति कम्पनीका ठेकेदारलाई साबिक दस्तुरभन्दा बढी पैसा बुझाएर ऊ यहाँ काम पाउन सफल भएको थियो । विगतमा छापामार युद्धमा लडाकु भएको फाइदा पायो उसले । दिलबहादुर गाउँको स्कूलमा नौ कक्षामा पढ्थ्यो जुन बेला एकदिन साथीहरूसँग एकजना नेताको कुरा सुन्न खोल्सापारिको बाँसघारी गएको थियो । अर्को साल एस. एल. सी परीक्षाको तयारी गर्दै गर्दा गाउँबाट हराएका केही तन्नेरीहरू उसको घरमै आएका थिए । "म त अहिले त्यो बाटो हिँड्न तयार छैन । मेरो माल्दाजु हराएको धेरै वर्ष भयो । उसको अहिलेसम्म अत्तोपत्तो छैन। म एस. एल. सी. को जाँच दिएर तपाईहरूसँग भेट्न आउँछु ।" दिलबहादुरकी आमाले पकाइदिएका कोदोका रोटी र थेबेको अचारमा रमाएर ती गुप्तबासी साथीहरू फर्केका थिए । आमाले सानो स्वरमा दिलबहादुरलाई सम्झाएकी थिइन् - "वर्षौं अघिदेखि मानिल्याएको राजा देउता, गाउँको भूत-प्रेत, रीति चलन ती अल्लारेले भनेको भरमा छोड्न सकिँदैन । लाटा निमुखा हामी गाउँलेका बलमा उनीहरू क्रान्ति गर्ने रे ? कुरा ठिकैजस्तो लागे पनि तिनले लिएको बाटो ठीक लागेन है कान्छा, मलाई ।" एस. एल. सी. गरिसके पछि दिलबहादुर आमाको सहयोगी भएर घरमै बसेको थियो । भदौको कुसे औंसी पछि मधेसतिरको अलि ठूलो बजार जान सहज हुन्थ्यो, बर्खे झरी कम भएकाले र साना खोल्सा खोला हिँडेर तर्न सक्ने भएपछि । दिलबहादुर यस्तै एक दिन दशैंको सौदा किन्न मधेस झरेको हो । ऊ फेरि घर फर्केन। त्यसपछि ... ... ... ... दिलबहादुर थापा एरिया कमान्डर ! दिलबहादुर थापा छापामार रेडियो प्रसारण सञ्चालक दिलबहादुरको कमाण्डले कुभिन्डे प्रहरी बिट कब्जा ! दिलबहादुरको बुद्धिमानी कारबाहीका कारण सैनिक सुरक्षा घेराबाट दश छापामार उम्कन सफल ! -यस्ता थिए छापामार युद्धको समाचार टुक्राहरू, दिलबहादुरकी आमाले सुनेकी । आमाको मन हो - चिन्ताग्रस्त थियो, हुँडलिरहेको थियो । छोरो घर फर्किने हो होइन, गहिरो पीडाबोध थियो । त्रास र आश सँगसँगै । थुप्रै लडाकु मारिएको, सैनिकले गाउँ पसेर घर घरमा खानतलासी गरेको र शंका गरेकालाई समातेर लगेको, छापामारले कति धनीमानीलाई अपहरण गरेको खबर उडिरहन्थ्यो हावामा । कति हुनेखानेले गाउँ छोडेर शहरमा डेरा लिएका थिए । जताततै उकुसमुकुसको वातावरण थियो । एक रात दिलबहादुर घर आयो उसको टोली र हतियारसँग । उसले सान्त्वना दियो आमालाई, "अब छिट्टै युद्ध सकिन्छ र देशमा शान्ति हुन्छ । त्यसपछि म घर आउँछु ।" मङ्सिरको धान थन्काएर चौध वर्षे मगर माइलो मधेशको बजार हेर्न हिँडेको, फर्केर घर गएन । पानीटंकीमा मुग्लान हिँडेका एक झुन्ड पहाडियासँग उसको भेट भयो । "ओइ माइलो ! हन तँ पनि पो मुग्लान जाने विचार गरिस् क्या हो ?" कतै चिनेजाने जस्तो स्वरले ऊ त्यता तानियो । दोभान छेउका कालिकोटे जेठा रहेछन् उसले चिनेका । "कोइलाखानी खुलेको छ रे मेघाले भन्ने ठाउँमा । पैसा कमाउन सकिन्छ रे, धान फल्ने खेत पाइन्छ रे कमाउन ।" कोइलाखानीको पैसाको लोभले उसलाई पनि तान्यो। पहाडबाट मधेस पसेकाहरूसँगै मगर माइलो हानियो असम जाने रेलमा चढेर । दरभद्राको डागीहाटमा माइलाले पहाड घरबाट बोकील्याको मास कइया, कैंयाको पल्लामा जोख्योह जम्मा १२ के. जी भयो। उसले थाप्यो नाथे ३६ भा. रु। रेलको टिकटको दाम पचास रुपियाँ - तेजपुर ठूलो चाराली स्टेसनसम्म। पानीटंकी रेल्वे स्टेसनसम्म बसको भाडा तीन रुपियाँ । पहाडमा गरीबी छ, खेत बारीको कमाइले वर्षभरि खान पुग्दैन। पैसाको मुख देख्ने बाटो छैन । फाटेका र टालेका लुगाले आङ ढाक्नु छ, जाडो गर्मी छल्नु छ । बजार टाढा छ, नून-तेल खान दुई दिन हिँडेर किन्न जानुपर्छ । मगर माइलाले एक जोड पुराना गोल्डस्टार जुत्ता लगाएको थियो, जसलाई ठाउँ ठाउँ सिएर अड्याएको थियो। बजार हिँड्ने बेला आमालाई खास केही भनेको थिएन। दश वर्षे भाइ र चालिस नाघेकी आमालाई छोड्ने र मुग्लान भासिने सोच ऊ भित्र कहिले पस्यो ऊ आफै जान्दैन । एक कारण गरीबीको चक्रह अर्को - मुग्लान पसेर राम्रो लाउने, मीठो खाने, रेल, मोटर र जहाज चढेर देश हेर्ने सपनाले पहाडका गाउँबाट तन्नेरीहरू निस्केको मगर माइलाले बेला बेला देखेको, बुझेको थियो। यस पाली उसलाई पनि ठाँटबाँट लाहुरे जस्तो भएर घर फर्कने धोको पूरा गर्ने सुर आयो र आँट गर्‍यो। अरूले जस्तै उसले पनि कमाइ गर्छु र घरलाई गरीबीबाट मुक्त गराउँछु भन्ने कलिलो सपना रेल्वे स्टेसनमा रेल पर्खुन्जेल बसेको बेला देख्यो । ठूलो चाराली स्टेसन पुग्दासम्म ती सात पहाडे प्राणीलाई समय कति पुग्यो थाहा थिएन। दुई दिन दुई रात रेल कुदेको उनीहरूलाई पत्तो भएन । झिसमिसेमा रेल रोकिँदा र टि टिले कराउँदा मात्र उनीहरूले थाहा पाए - ओर्लिने ठाउँ आइपुगेछ भनेर । मगर माइलो कालिकोटे जेठाको सहारा खोज्थ्यो - कहाँ जाने, के खाने र कहाँ बस्ने बन्दोबस्त गर्न । मेघालयका खसिया पहाडमा कोइलाखानी खुलेको सुनेका थिए कालिकोटे र मगर माइलाले । तर त्यहाँ जाने जोरजाम नभएसम्म उनीहरू ब्रह्मपुत्र नदीको फाँटमा बसेका गोठमा गोठालो बस्न पाइन्छ कि भनेर सोधी हिंडे । एक गोर्खालीले उचित तनखा दिने र थिचोमिचो हुन नदिने कबोल गरेर राखे । दैव भेटिएजस्तो भयो उनीहरूलाई । सत्तरी पुच्छर गाई र भैंसी रहेछन् उनका गोठमा । गोठलाई त्यहाँ खुट्टी भन्दा रहेछन्। उनीहरू खुट्टीवाला भए । "माइला, अब यतै बसेर हामी पनि आफ्नै गोठ थाल्नु पर्छ। कोइलामा काम गर्न सकिँदैन होला । पैसाको मात्र के लोभ, ज्यानको पनि ख्याल गर्नुपर्छ। पछि घर फर्कँदा किन फुस्रो अनुहार लिएर जानु ?" "हो नि जेठो काका। दही मोही खान पनि पाइने, मालिकको खटन पनि कम हुनेरहेछ यहाँ। गाई वस्तु चराउन र अघाउन त जानेकै छ नि ।" खुट्टीमा यसरी नै गाई-वस्तुको मायामा अल्झेर इमानदार गोर्खालीको चिनारी फिँजाए यिनले । "एकतीस वर्ष बितेछन् यहाँ बसेकोह घरजम यतै गरियो" मगर माइलो किच्च हाँसेर भन्दै थियो । बेलीबिस्तार लगायो उसले पहाड छोडेको कथा । "मेरो छोरो पनि उतै गाको छ नि, तैंले भेटिनस् कान्छा ?" माइलो दाजुको कुरा सुनेर दिलबहादुरलाई छक्क लाग्यो । "कहाँ भेटिन्छ हौ त्यति ठूलो देश र दुनियाँमा। फेरि कुन ठाउँ र कुन देश हो थाहा भए पो ।" "तिमी त यहाँबाट हिंडेपछि फर्केर आएनौ । सबै बिर्स्यौं । आमा यहाँ एक्लै हुनुभयो ।" दिलबहादुरले थोरै गुनासो पोख्यो । "गैसकेपछि अलिकति जोडजाम नगरी के मुख लिएर आउने। आमालाई पनि त केही दिन सक्नुपर्ने। बस्दाबस्दै उतै घरजम भयो ।" मगर माइलाको स्पष्टीकरण । "म आएको बेला तँ यहाँ थिइनस्। आमाले तेरो बारे सबै भन्नुभयो । बल्लतल्ल आमालाई भेट्न आइपुगेछु । त्यसपछि त मैले आमालाई देखिन ।" "तिमी बजार गएको दिन त मलाई पनि अलि अलि याद छ । बेलुका अबेलासम्म फर्केर नआएपछि गाउँबाट त्यो दिन बजार गएका अरू गाउँलेलाई सोध्न आमा र म राती पुल्ठो बालेर हिंडेका थियौं। चौतारे कान्छाले अलिकति सुइँको दिएपछि मात्र हामी घर आएर सुत्यौं ।" यी दुई दाजुभाइको झन्नै सैंतीस वर्ष पछि भेट सम्भव भएको थियो, गाउँका पुराना हेडमास्टरका कारण । यी दुईलाई फेसबुकको विद्युतीय तानोमा जोडिदिएका थिए हेडमास्टरले । तिहार सकिने बित्तिकै दिलबहादुरले घर जाने छुट्टी हाल्यो र हवाईजहाजको टिकट किन्यो । "तेरो माइलो दाजु गाउँ आएको छ। तँ छुट्टी मिलाएर आइहालेस् ।" हेडमास्टरले दिलबहादुरलाई फोनमै हतारो लगाएका थिए । गफ गर्दागर्दै बिहानको भाले बास्न थालेपछि मात्र उनीहरू बिझाएका आँखालाई आराम दिन केही छिन ढल्के । निष्कर्ष यस्तो आयो : भाइ दिलबहादुर कतारको कामलाई टुङ्गो लगाएर घर फर्किने र दाजु माइलोले आफ्नो असमको जायजेथा बेचेर गाउँमा जग्गा किन्ने र सानो कृषि उद्योगमा लगानी गर्ने ।

*-साहित्यपोस्ट डटकम*

# छल्दी खोलामा झोलुङ्गे पुल



**गुल्मी,** फागुन २९/जिल्लाको धुर्कोट गाउँपालिका र इस्मा गाउँपालिकामा पर्ने छल्दी खोलामा झोलुङ्गे पुल निर्माण भएको छ । यहाँ धुर्कोटको गाउँपालिकाको वस्तु र इस्मा गाउँपालिकाको राङ्दलचौर जोड्नका लागि छल्दी खोलमा ३७० मिटर लामो झोलुङ्गे पुल निर्माण भएको हो ।

सस्पेन्सन ब्रिज डिभिजन ललितपुरमार्फत रु एक करोड ८४ लाखको लागतमा यहाँ झोलुङ्गे पुल निर्माण गरिएको हो । पुलको भारवहन क्षमता ७९९ जना मानिस अट्ने रहेको छ । पुल बनेसँगै घण्टौं समय लगाएर यात्रा गर्नुपर्ने बाध्यता टरेको स्थानीयले बताएका छन् । स्थानीय रामबहादुर मुखियाले खोला वारि र पारि रहेका बस्तीलाई जोड्नका लागि झोलुङ्गे पुलले ठूलो सहयोग पुगेको बताए । “हिउँदयाममा खोला तरेर वारिपारि गरिन्थ्यो, तर वर्षायाममा त्यही नजिकै जान पनि तलबाट धेरै घुमेर जानुपर्थ्यो, अब त्यो समस्या टरेको छ”, उनले खुसी हुँदै भने । झोलुङ्गे पुल बनेपछि पर्यटकीयस्थल विचित्र गुफा जान र हिमालय मावि पुग्ने विद्यार्थीलाई समेत ठूलो राहत पुगेको स्थानीय बोमलाल भण्डारीले बताए । पुलका कारण त्यस क्षेत्रमा घुमघाम गर्न, टिकटक बनाउन र तस्बिर खिचाउन आउने मानिसहरूको सङ्ख्यामा पनि वृद्धि हुँदै गएको स्थानीय तारा बोहोराले बताए ।

पुल निर्माण भएसँगै धुर्कोट गाउँपालिका-५ स्थित विचित्र गुफामा पुग्ने आन्तरिक एवं बाह्य पर्यटकलाई सहज भएको धुर्कोट गाउँपालिका अध्यक्ष भुपाल पोखेलले बताए । मदनभण्डारी राजमार्गको छेउबाट उक्त झोलुङ्गे पुल तरेपछि १० मिनेटमा विचित्र गुफा पुग्न सकिन्छ । लामो पुलका कारण यस क्षेत्रको पर्यटन विकासमा समेत थप टेवा पुगेको उनले बताए ।

## ढोरपाटनमा पहिलोपटक...

...केन्द्रीय लाइन आएपछि अब सहज हुने उनको भनाइ छ । अध्यक्ष घर्तीमगरका अनुसार ढोरपाटन उपत्यकाको सलथान, बिजौलीखोला, छन्तुङ, खाल्डेखुल्डेलगायत करिब २५० बढी घरमा अहिलेसम्म विद्युत् नै नपुगेको बताए । स्थानीयले माग गरेपछि हामीले सहजीकरण गरेर लाइन जडान गर्ने उनि बताउन्छन् । “ढोरपाटनका धेरै घरमा अझै पनि विद्युत् नपुगेको अवस्था छ, स्थानीयले टुकी र दियालो बालेर रात कटाउँदै आएका छन्, केन्द्रीय लाइन आयो, अब सहज हुनेछ”, अध्यक्ष घर्तीमगरले भने, “अब कोही पनि नागरिकले विद्युत सुविधा लिनबाट वञ्चित हुनुपर्ने छैन ।” ढोरपाटन होटल व्यवसायी सैका अध्यक्ष जीवन पुनले जलविद्युत्बाट पर्याप्त विद्युत् उत्पादन नहुँदा विद्युतीय मेसिन चलाउन नपाएको भन्दै अब कपडा धुने मेसिन, हिटरलगायत उपकरण चलाउन सकिने बताए । ढोरपाटनमा अत्यधिक चिसो हुने हुँदा बाह्रै महिना हिटर चलाउनुपर्ने अवस्था रहे पनि अहिलेसम्म स्थानीय हाइड्रोपावरबाट कम क्षमताको विद्युत् उत्पादन हुँदा चलाउन नपाएको पुनले बताए । उनले भने, “पछिल्लो समय ढोरपाटनमा पर्यटकको आकर्षण बढेको छ, होटल व्यवसाय सञ्चालन गर्नेहरूका लागि केन्द्रीय विद्युत् नहुँदा निकै समस्या थियो, चिसो पानीमा कपडा धुनुपर्ने बाध्यता थियो, ठूलो मेसिन चलाउन पाएका थिएनौं, अब सजिलो हुने भयो, पर्यटकले पनि लाभ लिन सक्ने भए ।” विद्युत् प्राधिकरणले छेन्तुङसम्म लाइन विस्तार गरिसकेको छ । ढोरपाटन सिकार आरक्ष कार्यालय, आर्मी ब्यारेक र विद्यालयहरूमा पनि लाइन जोडिने भएको छ । ढोरपाटनमा पहिलोपटक केन्द्रीय लाइन पुगेपछि स्थानीयवासी हर्षित भएका छन् । स्थानीय कुलबहादुर विकले स्थानीय हाइड्रोपावरबाट कम क्षमताको विद्युत् उत्पादन हुँदा ढोरपाटनभरका बस्तीमा विद्युत् नपुगेको बताए । अब हरेक स्थानीयको घरका विद्युत् पुग्ने आस पलाएको उनको भनाइ छ । यहाँका अधिकांश स्थानीय बर्खायाममा ढोरपाटन र हिउँदमा बेँसी क्षेत्रमा बस्ने गर्छन् । बर्खाभरि अँध्यारोमा बस्न बाध्यता रहेको भन्दै अब उक्त समस्या समाधान हुने अपेक्षा लिएको विकले सुनाए ।

## म्याग्दीमा रु ३१ करोड...

...यस वर्ष विभिन्न रोगकीराको सङ्क्रमण नभए पनि बोटमा दाना पातलो लागेकाले उत्पादन घटेको कार्यालय प्रमुख बाँस्तोलाले बताए । “यस वर्ष मौसमले साथ दिएको हो । रोगकीरा नदेखिएको र विपद्ले क्षति नगरे पनि यसपालि दाना कम लागेको छ”, बाँस्तोलाले भने, “एक वर्ष अत्यधिक फल्ने र अर्को वर्ष कम दाना लाग्ने सुन्तलाखेतीको प्राकृतिक विशेषताका कारण उत्पादनमा असर परेको हो ।” सुन्तलाखेती हुने जमिनको क्षेत्रफल र मूल्य बढे पनि उत्पादकत्वमा कमी आएको हो । गतवर्ष प्रतिकिलो रु ६५ का दरले सुन्तला बेचेका किसानले यस वर्ष प्रतिकिलो रु पाँच बढी मूल्यमा बिक्री गरेका छन् । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैँडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैँचा रहेका छन् । जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौँ, पोखरा, मुग्लिनगायत बजारमा सुन्तला बिक्री भएको मङ्गला गाउँपालिका-३ भोर्लेनीका किसान ओम गिरीले बताए । गिरीले आफ्नो बबगैँचाबाट यस वर्ष रु ११ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको बताए । यातायात सुविधा भएकाले व्यापारी सुन्तला खरिद गर्न गाडी लिएर बगैँचामै आउने गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि विकास कार्यालय र स्थानीय तहको कृषि शाखाले सुन्तलाका बिरुवा वितरण, प्राविधिक तालिम, बगैँचा व्यवस्थापन, साना सिँचाइ र बजारीकरणमा सहयोग गर्दै आएका छन् ।

### खेलकुद समाचार

## आईपीएल टोलीहरूलाई अभ्यासका लागि छुट्टाछुट्टै नेट



**काठमाडौं,** फागुन २९/भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले इन्डियन प्रिमियर लिग (आईपीएल) टोलीहरूको अभ्यास सत्रका लागि नयाँ दिशानिर्देश जारी गरेको छ । अब एउटै नेट वा पिचमा दुई वटा टोलीले अभ्यास गर्न नपाउने भएका छन् । नयाँ दिशानिर्देशअनुसार प्रत्येक टोलीलाई अभ्यासका लागि छुट्टै र नयाँ नेटहरू प्रदान गरिनेछ । दुई टोलीले फरक समयमा अभ्यास गरे पनि पहिलो टोलीले प्रयोग गर्ने नेटहरू दोस्रो टोलीलाई दिइने छैन । यदि कुनै टोलीले चाँडै अभ्यास समाप्त गरे पनि अर्को टोलीले त्यही पिच प्रयोग गर्न सक्ने छैनन् । यस्तै नयाँ दिशानिर्देशअनुसार फ्लडलाइट अन्तर्गत अभ्यास खेलहरूको अवधि अधिकतम साढे तीन घण्टा हुनेछ । प्रत्येक टोलीलाई बीसीसीआईको स्वीकृतिको अधीनमा रही अधिकतम दुई वटा अभ्यास खेल खेल्न अनुमति दिइनेछ । यद्यपि यी खेलहरू मुख्य पिचमा नभई साइड विकेटमा खेलाइनेछ । आईपीएलको १९औँ संस्करण मार्च २८ देखि शुरू हुने तालिका छ । उद्घाटन खेलमा साविक विजेता रोयल च्यालेन्जर्स बेङ्गलुरु र सनराइजर्स हैदराबाद खेल्नेछन् । यो खेल बेङ्गलुरुको घरेलु मैदान एम चिन्नास्वामी स्टेडियममा हुनेछ । बीसीसीआईले अस्ति आईपीएल २०२६ को पहिलो चरणको तालिका सार्वजनिक गरेको थियो । दोस्रो चरणको तालिका भने पाँच वटा राज्यमा हुने विधानसभा चुनावको मिति घोषणा भएपछि मात्रै सार्वजनिक हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाको परिक्षण उत्पादन शुरू



**म्याग्दी,** फागुन २९/निर्माण भएको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले परिक्षण उत्पादन शुरू गरेको छ । रघुगङ्गा गाउँपालिका वडा नम्बर ७ मा निर्मित साढे २२ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले परिक्षण उत्पादन शुरू गरेको आयोजना प्रमुख शिवसागर यादवले जानकारी दिए ।

ठूलोखोला हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको निर्माण कार्य २०७८ सालमा शुरू भएको थियो । आयोजना निर्माणस्थल भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा रहेको छ । यो आयोजना ‘रन अफ द रिभर’ प्रकृतिको हो । फेदीदेखि बन्दीसम्म १४ वटा टावर बनाएर पाँच किलोमिटर लामो १ सय ३२ केभी क्षमताको प्रशारण लाइन निर्माण गरिएको छ । तीन अर्ब रुपैयाँ लागत अनुमान् रहेको आयोजनामा बैंकको ७० प्रतिशत ऋण र प्रवर्द्धकको १० प्रतिशत लगानी र ० प्रतिशत लगानी शेयर जारी गरेर सर्वसाधारणमार्फत जुटाइनेछ । राहुघाट र सहायक नदीमा यसअघि तीन वटा जलविद्युत् आयोजना निर्माण भइसकेका छन् ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई